विद्यालय कोड नं.- ६५००९०००२
SEE रा.प. बोर्ड कोड नं.-६००१८
सम्पर्क नं. ९८४१९८१२९७

# श्री सरस्वती माध्यमिक विद्यालय

## SHREE SARASWATI SECONDARY SCHOOL

खत्याड-११, रिखियाँ, मुगु

Khatyad-11, Rikhiyan, Mugu

कर्णाली प्रदेश, नेपाल

L.No/प.स : २०८३/८४
Ref.No./ च.नं.: ११

स्था: २०२१

मिति (Date): २०८३/०५/०९

**आर्थिक वर्ष २०८३/०८४ का लागि आपूर्तिकर्ता, सेवा प्रदायक तथा फर्महरू सूचीकृत गर्ने सम्बन्धी सूचना**
***(प्रथम पटक प्रकाशित मितिः २०८३/०५/०९)***

यसमा आ.व. २०८३/०८४ का लागि आवश्यक पर्ने विभिन्न शैक्षिक तथा खेलकुद सामाग्री, स्टेशनरी, कार्यालयजन्य सामाग्री, फर्निचर, प्रयोगशालाका उपकरणहरू, छपाई (Printing) तथा मर्मतसम्भार कार्य लगायतका विभिन्न सेवा तथा वस्तुहरू आपूर्ति गर्नका लागि योग्य तथा इच्छुक फर्म, कम्पनी, आपूर्तिकर्ता, सेवा प्रदायक र निर्माण व्यवसायीहरूलाई विद्यालयको सूची (Roster) मा सूचीकृत हुनका लागि यो सूचना आह्वान गरिएको छ।

इच्छुक फर्म तथा आपूर्तिकर्ताहरूले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र विद्यालयको कार्यालयमा वा कार्यालयको आधिकारिक इमेलमार्फत तल उल्लेखित कागजातहरूको प्रमाणित प्रतिलिपिसहित सुचिकृतका लागि आवेदन पेस गर्न सक्नुहुनेछ।

२०८३/०५/०९
नरेश बहादुर शाही
नि. प्रधानाध्यापक
श्री सरस्वती मा.वि
खत्याड-११, रिखियाँ, मुगु

**सूचीकृत गर्नुपर्ने मुख्य क्षेत्रहरू (क्षेत्रगत विवरण):**

१. **शैक्षिक तथा खेलकुद सामग्री आपूर्तिः** पाठ्यपुस्तक, शिक्षण सिकाइ सामग्री, विज्ञान प्रयोगशालाका सामग्री, खेलकुद सामाग्री आदि।

२. **स्टेशनरी तथा कार्यालयजन्य सामग्रीः** हाजिरी रजिस्टर, लेजर, प्रिन्टिङ पेपर, मसी (Toner/Ink), पेन, फाइल तथा अन्य कार्यालय प्रयोजनका सामग्रीहरू।

३. **फर्निचर तथा फिक्सचर्सः** विद्यार्थीका लागि बेन्च-डेस्क, शिक्षकका लागि टेबल-कुर्सी, दराज, ह्वाइटबोर्ड र स्मार्ट बोर्ड आदि।

४. **छपाई तथा विज्ञापन सेवा (Printing & Stationery):** लेटरप्याड, प्रमाणपत्र, वार्षिक पत्रिका, पम्प्लेट तथा अन्य छपाईसम्बन्धी कार्यहरू।

५. **मर्मतसम्भार तथा निर्माण सेवाः** विद्यालयका भौतिक संरचनाहरूको सामान्य मर्मतसम्भार, विद्युतीय (Electrical) काम, रंगरोगन तथा प्लम्बिङसम्बन्धी कार्यहरू।

**निवेदन साथ पेस गर्नुपर्ने कागजातहरूः**

१. अद्यावधिक गरिएको फर्म/कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि। २. स्थायी लेखा नम्बर (PAN / VAT) दर्ता प्रमाणपत्रको प्रतिलिपि। ३. आ.व. २०८२/०८३ (वा पछिल्लो) को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।

४. फर्म वा कम्पनीको आधिकारिक लेटरप्याडमा सुचिकृतका लागि निवेदन तथा सूचीकृत हुन चाहेको क्षेत्र स्पष्ट खुलेको विवरण र स्थानीय तह वा सम्बन्धित निकायमा दर्ता तथा नविकरण भएको प्रमाण (लागू हुने भएमा)।

**अन्य सर्तहरूः**

१. तोकिएको मिति र समयसीमाभित्र प्राप्त नभएका आवेदनहरूमाथि कुनै कारबाही हुने छैन।

२. फर्म/आपूर्तिकर्ता सूचीकृत हुँदैमा विद्यालयबाट अनिवार्य खरिद आदेश दिनुपर्ने भन्ने बाध्यकारी हुने छैन।

३. सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रक्रियाअनुसार खरिद कार्य अगाडि बढाइनेछ।

४. यस सम्बन्धी अन्य थप जानकारी आवश्यक परेमा विद्यालयको प्रशासनिक कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

इमेलः saraswatisecondary2083@gmail.com